नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**

सिंहदरबार,

काठमाडौं, नेपाल।

पत्रसंख्याः ०८०/८१ सा.स.सा.सु च.नं. ५६

श्री स्थानीय तह सबै, मितिः २०८०।०९।०१

**विषयः आदेश कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं.२९५, मिति २०८०।०८।१८ गतेको आदेश कार्यान्वयन सम्बन्धी पत्र यसै साथ संलग्न छ । विषयवस्तुको व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई आवश्यक कार्य गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

बोधार्थः

श्री फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

(सुधा रेग्मी)
शाखा अधिकृत

DA कानून २०८०।८।१७

दर्ता २९६
०८०।८।२४

श्री सर्वोच्च अदालत
फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेबसाइट:www.supremecourt.gov.np
इमेल:jed@supremecourt.gov.np

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २९२५
दर्ता मिति:- ८।२२

पत्र संख्या :०८०/०८१
चलानी नं. : २३५

मिति:२०८०।०८।१८

विषयः आदेश कार्यान्वयन सम्बन्धमा ताकेता ।

श्री गृह मन्त्रालय
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरवार, काठमाण्डौ ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरवार, काठमाण्डौ ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) रामशाहपथ, काठमाण्डौ ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरवार, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा रिट निवेदक नित्यानन्द पाण्डे समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट नं.०७४-W0-०५५६ को परमादेश समेतको रिट निवेदनमा श्री सर्वोच्च अदालतबाट मिति २०७५/०४/१३ मा भएको आदेश कार्यान्वयन सम्बन्धमा यस निर्देशनालयबाट पटक पटक पत्राचार गरी पछिल्लो पटक च.नं. १२४ मिति २०८०/०५/१३ को पत्र मार्फत भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय समेतलाई पत्राचार गरिएकोमा तहाँ मन्त्रालयबाट च.नं. ८६ मिति २०८०/०५/१७ को पत्र प्राप्त भई जवाफ प्राप्त भएता पनि उक्त आदेश कार्यान्वयन भई लगतकट्टा हुन सक्ने भएको नदेखिंदा ताकेताका साथ प्रस्तुत पत्र लेखिँदैछ।

श्री सर्वोच्च अदालतबाट मिति २०७५/०४/१३ मा आदेश हुँदा"...सार्वजनिक यातायातको साधनमा ज्येष्ठ नागरिकको लागि छुट्याइएको दुई सिटमा पनि अन्य मानिसहरु बसिदिने भएकोले ज्येष्ठ नागरिकले आरक्षित सिट समेत नपाउने अवस्था देखिएकोले सार्वजनिक यातायातको साधन भित्र ज्येष्ठ नागरिकलाई सम्मान गर्ने खालका जनचेतना मुलक नारा लेखु लेख्न लगाउनु भनि यातायात व्यवसायीहरुलाई जानकारी गराउनु। स्वास्थ्य सेवा प्रदान गर्ने संस्थामा पनि कानूनले ज्येष्ठ नागरिकलाई दिएको छुट र सुविधा अनुसारको सेवा ज्येष्ठ नागरिकले प्राप्त गर्न नसकेकोले स्वास्थय सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकको स्वास्थ्य परिक्षणको लागी छुट्टै किसिमको टिकटको व्यवस्था गरि सो टिकटमा सम्बन्धित संस्थाबाट ज्येष्ठ नागरिकले प्राप्त गर्ने सुविधाहरुको सुची उल्लेख गर्नु गराउनु र ज्येष्ठ नागरिकको स्वास्थ्य परिक्षणको क्रममा प्राथमिकता दिने व्यवस्था गर्नु गराउनु भनी स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुलाई जानकारी गराउनू। सार्वजनिक सेवा प्रदान गर्ने निजी, सामुदायीक तथा सरकारी सेवा प्रदायक संस्थाहरुको सेवा लिन पुगेको ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्ने संस्थाले प्राथमिकता दिने दिलाउने व्यवस्था गर्नु ..."। भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

अतः श्री सर्वोच्च अदालतको मिति २०७५/०४/१३ को आदेश कार्यान्वयन सम्बन्धमा तहाँ मन्त्रालयहरुबाट आफू मातहतमा रही सार्वजनिक सेवा प्रदान गर्ने निजी, सामुदायिक तथा सरकारी सेवा प्रदायक संस्थाहरुले ज्येष्ठ नागरिक सेवा ग्राहीलाई प्राथमिकता दिने दिलाउने व्यवस्था गर्नू भनी आ-आफ्नो मातहतका निकायहरुमा परिपत्र गरी सो को जानकारी यथाशिघ्र यस निर्देशनालयमा पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ ।

२०८०।०८।१८

शोभा ढुङ्गाना
(शाखा अधिकृत)

वोधार्थः-
नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय